भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. (प्रशासन)/०७८।७९
च.नं.: ४२०

मितिः २०७८/०५/१६

विषयः **सहभागिता सम्बन्धमा।**

**श्री कर्मचारी एवम् शिक्षकहरु सबै,**
**श्री सम्बन्धित ईच्छुक अन्य महानुभावहरु,**

प्रत्येक वर्ष भाद्र २२ गते मनाउँदै आएको निजामती सेवा दिवसको पुनित अवसरमा यस वर्ष पनि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी सूचनानुसार **"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"** भन्ने नारा आगामी पाँच वर्ष (२०७८-२०८२) सम्मका लागि तय गरिएको र सोही बमोजिम भूमे गाउँपालिकाले निजामती सेवा दिवस मनाउने सन्दर्भमा जनस्वास्थ्यका मापदण्डहरुको पालना गरी उल्लिखित कार्यक्रमहरुको आयोजनाका साथ उक्त दिवस मनाउन गइरहेको हुँदा गाउँपालिका अन्तर्गतका सम्पूर्ण निजामती कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक एवम् सम्बन्धित अन्य महानुभावहरुलाई सहभागिताका लागि अनुरोध छ।

**कार्यक्रमहरुः**

१. गाउँपालिका परिसर र अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरु तथा शिक्षण संस्थाहरुमा वृक्षारोपण गर्ने,
२. **मिति २०७८/०५/२२ मा बिहान १०:१५ बजे** गाउँपालिका परिसर र मातहतका कार्यालयहरुमा सरसफाई गर्ने,
३. **मिति २०७८/०५/२२ मा बिहान ११:१५ बजे**देखि गाउँपालिका भित्र कार्यरत कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक र खुला समूहहरु बीच हाजिरी जवाफ प्रतियोगिता सञ्चालन गर्ने,
४. प्रतियोगितासम्बन्धी जानकारीः

- प्रत्येक समूहमा अनिवार्य **३ (तीन) जना** हुनु पर्ने,
- हाजिरी जवाफमा सोधिने प्रश्नहरुको क्षेत्रः *नेपालको शिक्षा, स्वास्थ्य, ब्रह्माण्ड, भूगोल, इतिहास, नेपालको सामाजिक सांस्कृतिक र आर्थिक अवस्था, पारिस्थितिक पद्वति र वातावरण, संविधान, अन्तर्राष्ट्रिय सङ्घ संस्था साथै नवीनतम् एवम् राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका समसामयिक घटना तथा नवीनतम् गतिविधिहरु।*
- प्रतियोगितामा **प्रथम, द्वितीय, तृतीय र सान्त्वना** स्थान हासिल गर्ने समूहलाई पुरस्कार स्वरुप प्रमाणपत्रसहित **क्रमशः**रु.५,०००, रु.४०००, रु ३००० र रु.२००० नगद पुरस्कार प्रदान गरिने छ।
- सहभागी समूह व्यवस्थापनका लागि कार्यालयको सम्पर्क नं. ९८०१३३२३३३ मा सम्पर्क राखी वा **राजन महत्रा, टेकबहादुर बुढाथोकी**सँग समन्वय गरी **मिति २०७८/०५/२१** गते कार्यालय समयभित्र गाउँपालिकामा आफ्नो समूह दर्ता गराई सक्नुपर्नेछ।

..................
**(गणेश ओली)**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

**पुनश्चः** वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरु र शिक्षण संस्थाको हकमा कार्यक्रममा भाग लिने बाहेक अन्यले कार्यरत कार्यालयमा नै दिवस मनाउनु हुन अनुरोध छ। साथै सहभागिताको लागि निवेदनको ढाँचा यसैसाथ संलग्न छ।

# समूह दर्ताको ढाँचा

| क्र.सं. | सहभागीको नाम | ठेगाना | कार्यरत कार्यालय | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |